# गुल्मीमा अक्सिजन प्लान्ट राख्न १ करोड बिनियोजन

**अनिल खत्री**

गुल्मी, ४ जेठ।

गुल्मी जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्ने प्रयोजनका लागि अर्थ मन्त्रालयबाट रू १ करोड रुपैयाँ विनियोजन भएको छ। परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको पहलमा गुल्मी अस्पतालमा अक्सिजन प्लान्ट राख्ने गरि बजेट बिनियोजन भएको परराष्ट्रमन्त्रीका स्वकीय सचिव जंग नेपालीले बताए।

गुल्मी अस्पतालमै ५ बेडको आइसियु स्थापनाका लागि थप रकमको प्रबन्ध गने भएको छ। त्यस्तै रुरु, श्रृंगा र जोहांग ( खैरेनी) प्राथमिक स्वास्थ्य केन्द्रका लागि आवश्यक स्वास्थ्य सामग्री पठाउने तयारी गरिएको नेपालीले बताए। जिल्लामा कोरोना संक्रमितको संख्या १ हजार नाघेको छ। जसले गर्दा अक्सिजन अभाव हुने गरेको छ। प्लान्ट स्थापना गर्न रकम बिनियोजन भएपछि नागरिक स्तरबाट आभार प्रकट गरेका छन्।




जिल्लामा गुल्मीका पत्रकारहरू अक्सिजन अभियानमा सञ्चालन गरेर रकम संकलन गरिरहेका थिए। गत वैशाख २५ गतेबाट अक्सिजन प्लान्ट स्थापना अभियान जेठ १ गते रातिसम्म ३६ लाख ६३ हजार सहयोग संकलन भएको अभियन्ता तारा भुसालले बताए। पछिल्लो समय नेपाल पत्रकार महासंघ गुल्मीको अक्सिजन प्लान्टे अभियानलाई चौतर्फी रूपमा स्वागत र साथ रहेकाले छ। अक्सिजन प्लान्ट अभियानमा पूर्वमन्त्री गोर्कण विष्टले १० लाख सहयोग जुटाउने प्रतिबद्धता जनाएका छन् भने कांग्रेस नेता चन्द्र भण्डारीले पनि अभियानमा ऐक्यबद्धता जनाएका छन्।

गुल्मी उद्योग वाणिज्य संघले पनि पत्रकार महासंघको अभियानमा ऐक्यबद्धता जनाउँदै करिब १५ लाखभन्दा बढी सहयोग संकलन गरिसकेको छ। महासंघले अहिले अक्सिजन खरीद गरेर गुल्मी अस्पताल र रेसुङ्गा अस्पतालका बिरामीहरूको आवश्यकतालाई मध्यनजर वितरण गरेको छ। पत्रकार महासंघले आफ्नै कार्यालय भवनमा ५ शैयाको आइसोलेसन स्थापना गरेको छ।


## भूमिकास्थान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

### सिलवन्दी दरभाउपत्र आह्वान

*प्रथम पटक प्रकाशित मिति : २०७८/०२/०५*

भुमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमका विभिन्न निर्माण कार्य सिलवन्दी दरभाउपत्र द्वारा गराउनद्र पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. सिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मितिसम्म आ.व.२०७७/०७८ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्र/दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९००००००१३ जि.ई खातामा नगद जम्मा गरेको सक्कल भौचर पेश गरी यस कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिने छ।

२. खरिद भएको दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्र/दरभाउपत्रहरु उपस्थित बोलपत्र/दरभाउपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ।

३. सिलबन्दी बोलपत्र/दरभाउपत्रफाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९०००००००४ जि.इ खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड बोलपत्र/दरभाउपत्र निम्नानुसारको म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।

४. सिलबन्दी बोलपत्र/दरभाउपत्रखरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९९९० मा सम्पर्क गर्न वा bhumikasthanmunicipality@gmail.comमा पठाउन सकिनेछ।

७. कामको विवरण बोलपत्र/दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडवण्ड रकम, मान्य अवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | दरभाउपत्र दस्तुर रु. | लागत रकम (मु.अ.कर सहित) | विडबण्ड रकम रु. | विडबण्ड मान्य अवधि | खरिद अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| 81/ BMA/ W/RM/ 2077/078 | भुजेलपानी सानडेभा बहखोर डेभा मोटरबाटो स्तरोन्नति | १००० | ७,५८,०३०.४६ | १९००० | ७५ दिन | २०७८/०२/१९ कार्यालय समय भित्र | २०७८/०२/२० १२:००बजे भित्र | २०७८/०२/२० दिउँसो १:००बजे |
| 82/BMA/ W/RM/ 2077/078 | भुल्के साझकौट्टा भुमिकाथान मोटरबाटो स्तरोन्नति | १००० | ७,३८,९९१.६९ | १९००० | | | | |

## भूमिकास्थान नगरपालिका

नुवाकोट अर्घाखाँची

### अन्यथा भएकोले सच्याइएको सम्बन्धी सूचना १

यस कार्यालयबाट मिति २०७८ बैशाख ९ गते बुटवल टुटे राष्ट्रिय दैनिक पत्रिका र www.bolpatra.gov.np/egp मा प्रकाशित ठेक्का नं.79/BMA/W/HB/2077/078 १५ बेडको आधारभूत अस्पताल भवन निर्माण कार्यको सूचना तथा उक्त सूचनासँग सम्बन्धित Bidding Document मा समेत तपसिल बमोजिम हुनु पर्नेमा अन्यथा भएकोले सच्याइएको ब्यहोरा सम्बद्ध सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

1. Information to deposit the cost of bidding document in Bank Account 0900000013GE
2. Bid Security Amount NRs.45,77,000/-
3. Required Bidding Capacity Amount NRs.14,48,00,000/-
4. Average Annual Construction Turn Over NRs.12,27,00,000/-
5. Line of Credit NRs.2,72,00,000/-
6. Similar Size and Nature of Wroks NRs.13,08,00,000/-
7. Key Activities Experience :

i) RCC Works : 1485Cum.
ii) Brick Works : 360Cum.
iii) Reinforcement Works : 209MT.
iv) Formworks : 7720Sqm.


# बाँकेमा कोरोना संक्रमण उच्च विन्दुमा

**गौतमबुद्ध सन्देश**

बाँके, ४ जेठ।

दोस्रो लहरको सुरुमै हटस्पट बनेको बाँकेमा कोरोना संक्रमण उच्च विन्दुमा पुगेको पछिल्ला तथ्यांकले देखाएको छ। वैशाख १ यता बाँकेमा मात्र १० हजार ६५१ जना संक्रमित भएका छन्। उनीहरुमध्ये ७ हजार ७८३ जना कोरोना संक्रमणबाट मुक्त भएका छन्। बाँकेकका मात्र १८२ जनाको मृत्यु भएको छ। अस्पतालहरु संक्रमितले भरिएका छन्। भेरी अस्पतालमा २२८ जना र नेपालगञ्ज मेडिकल कलेजमा १४० जना संक्रमित उपचाररत छन्। सयभन्दा बढी संस्थागत आइसोलेशनमा छन्।

हरेक दिन नयाँ संक्रमित पनि त्यति नै थपिएको छ। वैशाख २६ यताको तथ्यांकलाई हेर्ने हो भने कोरोना संक्रमणदर ७० प्रतिशत भन्दामाथि नै रहेको देखाउँछ। जस्तो, जेठ २ गते ११०७ नमुना परीक्षण गर्दा ८०५ जनामा संक्रमण पुष्टि भयो। संक्रमण दर ७२ दशमलव २२ प्रतिशत छ।

पछिल्ला तथ्यांकहरुले संक्रमण पिकमा पुगेर स्थिर भएको आंकलन गर्न सकिने भेरी अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डाक्टर राजन पाण्डे बताउँछन्। उनका अनुसार अस्पतालको फिभर क्लिनिक तथा प्राइभेट क्लिनिकमा बिरामी आउने संख्यामा केही कमी आएको छ।

'अस्पतालका बेडहरु भरिभराउ छन्। पालटाँगेर उपचार गराउनु पर्ने अवस्था त छ,' डाक्टर पाण्डेले भने, 'तर केही दिन यता तुलनात्मक रुपमा भेरी अस्पतालमा बिरामी आउने संख्या कम रहेको छ।'

पिकमा पुगेर स्थिरमा रहेको कोरोना संक्रमण दर अब केही दिनपछि ओरालो लाग्ने उनको अनुमान छ। 'संक्रमण दर घटेको हो कि होइन भनेर यकिन गर्न सेरो प्रिभिलेन्स सर्वे गर्नुपर्ने हुन्छ,' उनले भने, 'यो अध्ययनले समुदायमा रहेका मानिसमा एन्टिबडी डेभलप भए/नभएको थाहा हुन्छ।' एक सातापछि समुदायमा गएर यही वैज्ञानिक आधारमा अध्ययन गर्न उपयुक्त हुने डा. पाण्डेको सुझाव छ। अध्ययनको क्रममा समुदायका मानिसमा ६०/७० प्रतिशत इम्युनिटी पावर विकास भएको पाइए संक्रमण कम भएर जाने उनी बताउँछन्।

न े पा ल ग ञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरका कन्सल्टेन्ट फिजिसियन डाक्टर असीम किडवाईले पनि बाँकेमा संक्रमण पिकमा रहेको बताए। उनका अनुसार यो समय अझै केही समय रहने देखिन्छ। कोरोनासँग मिल्दोजुल्दो लक्षण भएका धेरै मानिस अझै पनि घरमै रहेको र उनीहरुले परीक्षण नगरेका कारणले पनि वास्तविक संक्रमितको संख्या बाहिर नआएको उनको भनाइ छ।

नेपालगञ्ज मेडिकल कलेजका डा. नितेशकुमार कनौडिया संक्रमण पिकमै रहेकाले ओरालो लागेको भन्दा हतार हुने बताउँछन्। उनका अनुसार अस्पतालमा बेड छैन, अक्सिजन पाइँदैन भनेर पनि परीक्षण नगरी बस्नेहरु छन्। 'तथ्यांकले घट्दो क्रममा देखाएको छ, तर घरघरमै धेरै संक्रमितहरु छन्। उनीहरुको परीक्षण हुन सकिरहेको छैन,' डाक्टर कनौडियाले भने, 'तीव्र गतिमा पीसीआर परीक्षण बढायौं भने एक सातापछि संक्रमण दर घट्न सक्छ।'

जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र बाँकेले दैनिक सार्वजनिक गरेको तथ्यांकले पनि चिकित्सकहरुकै भनाइसँग मेल खान्छ। वैशाख २७ गतेदेखि जेठ ३ गतेसम्म संक्रमित संख्या स्थिर छ।

वैशाख २६ गते ११०७ नमुना परीक्षण गर्दा ८४३ मा संक्रमण (७६ दशमलव १५ प्रतिशत) पुष्टि भएको थियो। बाँकेका मात्रै ५७१ जना थिए, जुन दोस्रो लहर सुरु भएयताकै बाँकेमा सबैभन्दा उच्च हो। बाँकेमा सोमबार ३६३ जनाको नमुना परीक्षण गर्दा १४९ जनामा संक्रमण पुष्टि भएको छ, जसमध्ये बाँके जिल्लाका मात्रै ७५ जना छन्। दोस्रो लहरको सुरुवाती अवस्थामा जसरी तीव्र गतिमा संक्रमण बढेको थियो अहिले त्यो अनुपातमा नदेखिए पनि संक्रमण पिकमा रहेको बाँकेका कोरोना फोकल पर्सन तेज ओली बताउँछन्।

### दैनिक मृत्यु हुनेको संख्या घट्दो

बाँकेमा संक्रमण दर उत्कर्षमा पुगेर स्थिर भइरहँदा दैनिक मृत्यु हुनेको संक्रमितको संख्या केही घटेको छ।

वैशाख २९ देखि वैशाख ३ गतेसम्मको तथ्यांकलाई हेर्ने हो भने कोरोनाबाट मृत्यु हुनेका संख्या दैनिक घट्दै गइरहेको देखिन्छ। वैशाख २९ गते बाँके जिल्लाका मात्रै १० जनाको मृत्यु भएको थियो भने त्यसदिन यता क्रमशः मृत्यु हुनेको संख्या घट्दो छ। वैशाख ३० गते ९ जनाको मृत्यु हुने वैशाख ३१ गते ८ जनाको मृत्यु भएको छ। जेठ १ गते ६ जनाको मृत्यु हुँदा वैशाख २ गते ५ जना र वैशाख ३ गते सोमबार ३ जनाको मृत्यु भएको छ। तर अस्पतालहरुमा अझै पनि गम्भीर प्रकृतिका बिरामी उपचाररत रहेको चिकित्सकहरु बताउँछन्।

बाँकेमा कोरोनाको दोस्रो लहर सुरु भएयता (वैशाख १ गतेदेखि जेठ ३ गतेसम्म) १८२ जनाको मृत्यु भएको छ।


## अन्नपुर्ण धानपकेट समन्वय समिती

पाणिनी-३, अर्घाखाँची

### शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन

***प्रथम पटक सुचना प्रकाशित मिती:*** *२०७८/०२/०४*

अन्नपुर्ण धानपकेट समन्वय समिती पाणिनी-३,अर्घाखाँचीको आर्थिक वर्ष २०७७/०७८ मा पाणिनी गाउँपालिका अर्घाखाँचीबाट शसर्थ कार्यक्रम अर्न्तगत स्वीकृत भई सञ्चालनमा आएको धानपकेट विकास कार्यक्रम अर्न्तगत कृषि सामाग्री आवश्यक भएको हुदाँ उक्त सामाग्री सप्लाई गर्ने कम्पनी तथा फर्मले १५ दिनभित्र निम्न अनुसारको न्युनतम दररेटमा शिलबन्दी दरभाउपत्र पेश गर्नुहुनको लागि यो सार्वजनिक सुचना जारी गरिन्छ।

| क्र.स. | विवरण | संख्या | दर (प्रति इकाई) |
|---|---|---|---|
| १. | मिनिटिलर 7HP | १० | ६५,०००|- |

**थप जानकारीका लागी:**

निलकण्ठ गौतम

सम्पर्क नं. ९८६७२९०३६२


# पदमुक्त नगर्न सर्वोच्चको आदेश

रुपन्देही, ४ जेठ। (गौबुस)

सर्वोच्च अदालतले जनता समाजवादी पार्टी नेपाल (जसाप) का ४ सांसदलाई पदमुक्त गर्ने लुम्बिनी प्रदेशसभाका सभामुखको निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ। सोमबार न्यायाधीश नहकुल सुवेदीको एकल इजलासले जसपाका सांसदहरु सन्तोष कुमार पाण्डेय, विजय बहादुर यादव, सुमन शर्मा रायमाझी र कल्पना पाण्डेले दायर गरेको रिटमा सुनुवाई गर्दै उनीहरुलाई सांसद पदबाट पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो।

यी ४ सांसदहरु पार्टीको निर्णयविपरीत लुम्बिनी प्रदेश सरकारमा सहभागि भएपछि जसपाको कार्यकारिणी समितिको बहुमत सदस्यको बैठकले उनीहरुलाई दल निष्कासनको कारवाही गर्ने निर्णय गरेको जसपाको दावी छ। जनता समाजवादी पार्टीको कार्यकारिणी समितिको बैठकले ती सांसदलाई पार्टीबाट निष्काशन गरेको भनी लुम्बिनी प्रदेशसभामा पत्र पठाएको थियो। प्रदेशसभाका सचिव दुर्लभकुमार पुनले उक्त पत्र प्रदेशसभा सचिवालयमा प्राप्त भएको भनी सूचना प्रकाशित गरेपछि जसपाका सांसदहरु पदमुक्त भएका थिए।

तर पार्टीको निर्णयको आधिकारिकतामा प्रश्न उठाई उक्त पत्रको आधारमा प्रदेशसभाले गरेको निर्णय बदरको माग गर्दै चार सांसद सर्वोच्च अदालत पुगेका थिए। उनीहरुले आफूहरुलाई कारवाही गर्ने प्रदेशसभाको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश माग गरेका थिए।


प्रदेश सरकार

लुम्बिनी प्रदेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## घरेलु तथा साना उद्योग कार्यालय

सिद्धार्थनगर, रुपन्देही

### घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीको समस्त उद्योगी, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

मेहनतले आर्जन गरेको धनको दुरुपयोग हुन नदिन, स्वास्थ्य तथा शारिरिक हानी नोक्सानी हुन नदिन उपभोग्य सामाग्री उत्पादन तथा खरिद बिक्री गर्दा निम्न कुराहरुमा ध्यान पुऱ्याई सचेत उद्योगी तथा सचेत उपभोक्ताको भुमीका निर्वाह गरौं।

- उद्योगी व्यवसायीहरुले सम्वन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय संचालन गर्ने गरौ। रु. ५ लाख सम्म पुजीं भएका उद्योग/ व्यवसावहरु सम्बन्धित स्थानीय तहमै दर्ता गर्न सकिन्छ।
- उद्योगवाट निस्कने ठोस, तरल तथा अन्य फोहोरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं।
- कारोबारस्थलमा साइनबोर्ड तथा मुल्यसुची स्पष्ट देखिने गरी अनिवार्य रुपमा राख्ने गरौं, सामान खरिद/बिक्री गर्दा अनिवार्य रुपमा बिजक लिने/दिने गरौं।
- उपभोक्ताहरुले कुनैपनि सामान खरिद गर्दा उत्पादन गर्ने उद्योगको नाम, दर्ता नम्बर, मुल्य, तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ/छैन हेरेर मात्र खरिद गर्ने गरौं।
- कृत्रिम अभाव श्रृजना गरिएको वा कमसल बस्तु बिक्रि वितरण गरेको पाईएमा तथा बस्तुको उपभोगबाट कुनै हानी नोक्सानी भएमा जिल्ला प्रशासन कार्यलय, वाणिज्य आपुर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, सम्बन्धित स्थानीय तह वा नजिकको प्रहरी कार्यालयमा जानकारी दिऊँ।